नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिसिद्ध सितापाइला, काठमाडौं।



मितिः २०७७/०८/२६

**नागार्जुन नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई साधरणसभा सम्पन्न गरी प्रतिवेदन पेश गर्ने सम्बन्धी**

## अत्यन्त जरुरी सूचना !

सहकारी ऐन २०७४को दफा ३९(२) तथा नागार्जुन नगरपालिका सहकारी ऐन २०७५ को दफा २८(२) बमोजिम नागार्जुन नगरपालिका भित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले आगामी २०७७ पौष मसान्त भित्र साधरण सभा सम्पन्न गरी साधरण सभा सम्पन्न भएको मितिले १५ दिनभित्र साधरणसभावाट पारित प्रतिवेदन नागार्जुन नगरपालिकामा बुझाउनु हुन अनुरोध गरीन्छ ।साथै साधरणसभा सञ्चालन गर्दा सहकारी संस्थाको साधरणसभा कार्यव्यवस्था निर्देशिका २०७६ तथा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्डको पूर्ण पालना गरी देहायका बिषयलाई आधार लिनुहुन अनुरोध छ ।

(१) सवै सदस्यहरुलाई साधरणसभामा उपस्थितका लागि आव्हान गर्ने,

(२) साधरणसभामा कुल सदस्य सख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभए गणपुरक सख्या नपुग्ने हुदा गणपुरक संख्या पुराएर मात्र साधरणसभा संचालन गर्ने ,

(३) लेखापरिक्षण प्रतिवेदन, संचालक समिति तथा लेखा समितिको प्रतिवेदन एवं पेश हुने अन्य सवै प्रतिवेदन तथा विषय उपर पर्याप्त छलफल गराएर मात्र पारित गर्ने,

(४) सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन हुने भए प्रचलित कानुन, मापदण्ड,एवं विनियम बमोजिमको योग्यता पुगेका सदस्यहरु मध्येबाट निर्वाचित गर्ने,

(५) साधरण सभाबाट चालु आर्थिक वर्षको संस्थाको हिसाब किताबको लेखापरिक्षण गर्न एक जना लेखापरिक्षक र आवश्यकता अनुसार वैकल्पिक लेखापरिक्षक नियुक्तिको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने ,

(६) संस्थाको विनियम संशोधन, कार्यविधि, नियमावलि नीति साधरणसभाबाट पारित गर्ने,

(७) संस्थाको चालु आर्थिक वर्षको बजेट,निति तथा कार्यकम साधरणसभाबाटै अनुमोदन गर्ने ,

(८) साधरणसभाको प्रतिवेदनमा तपशिल बमोजिमका कागजातहरु समावेश गर्ने

**तपसिल**

(क) शेयर सदस्यहरुको उपस्थितिको निन्न बमोजिमको प्रमाणित विवरण

| क.स. | शेयर सदस्यता नं | नाम थर | सम्पर्क नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

(ख) साधरणसभाको निर्णयको प्रमाणित प्रतिलिपि

(ग) संचालक समितिका सवै र संचालक समितिका सदस्य भन्दा १ बढी शेयर सदस्यले निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै:संचालक ७+शेयर सदस्य ८ गरी १३ जना)

(घ) लेखापरिक्षण प्रतिवेदनको सक्कलै विवरण

(ङ) संस्थागत सहकारीको हकमा मूल संस्था नविकरण (आ.व.२०७६।७७सम्को) गरेको प्रमाणित प्रतिलिपि

(च) कर चुक्ता (आ.व.२०७६।२०७७ आन्तरिक राजश्व कार्यलयको ) प्रमाण पत्रको प्रतिलिपि ,

नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिसिद्ध सितापाईला, काठमाडौं।

(छ) सम्पत्ती सुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन २०७४ पहिलो शंसोधन समेत ) मा भएका सवै व्यवस्थाहरुपालना गरेको विवरण .

(ज) सहकारी संस्थामा नयाँ संचालक समिति गठन भएको भए नवनिर्वाचित संचालक समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि र तिनपुस्ते विवरण निम्न बमोजिमको ढाँचा अनुसार हुनुपर्ने

| सि. न. | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्नीको नाम थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | फोटो र फोटोमा पर्नेगरी छाप | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| १ | | | | | | | | | | |

(झ) सहकारी संस्थाको निम्न बमोजिमको यर्थात विवरण

| सि. न. | नाम ठेगाना | दर्ता न.मिति | किसिम | मुख्य कारोवार | म | पु | जम्मा | शेयर पूजी | बचत संकलन | ऋण लगानी | स्थीर सम्पत्ती | जम्मा सम्पत्ती दायित्व | प्रत्यक्ष रोजगारी | केपोमिसमा आवद्द भए नभएको | सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रतिवेदन पेश गरे नगरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | |

**नोटः** यस विषयमा थप जानाकारी चाहिएमा नागार्जुन नगरपालिकाको सहकारी शाखा तथा फोन नं ९८४१०९२८१७ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

.....................................

(सुरेन्द्र थापा मगर)

प्रमुख प्रशासकीय अधिकृत